कर्णाली प्रदेश सरकार

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

# उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

प.स.:०७९/०८०

च.नं.: 3065

मिति २०७९।९।२२

बिषयः सूचना टाँस सम्बन्धमा ।

श्री वीरेन्द्रनगर नगरपालिकाको कार्यालय,सुर्खेत।

श्री लेकवेसी नगरपालिकाको कार्यालय,सुर्खेत।

श्री भेरीगंगा नगरपालिकाको कार्यालय,सुर्खेत।

श्री गुर्भाकोट नगरपालिकाको कार्यालय, सुर्खेत।

श्री पंचपुरी नगरपालिकाको कार्यालय,सुर्खेत।

श्री बराहताल गाउँपालिकाको कार्यालय,सुर्खेत।

श्री सिम्ता गाउँपालिकाको कार्यालय,सुर्खेत।

श्री चिङ्गाड गाउँपालिकाको कार्यालय,सुर्खेत।

श्री चौकुने गाउँपालिकाको कार्यालय,सुर्खेत।

प्रस्तुत विषयमा यस निर्देशनालयको चालु आ.व २०७९/०८०को स्वीकृत वार्षिक विकास कार्यक्रम अन्तरगत उद्यमीहरुलाई उपयुक्त प्रविधि हस्तान्तरण कार्यक्रमको सूचना यसै पत्रसाथ संलग्न गरी पठाईएको छ। उक्त सूचना ताहाँ कार्यालयको सूचना पाटीमा टाँस गरि सोको जानकारी यस निर्देशनालयमा पठाईदिनुहुन अनुरोध छ।

मुकुन्दनाथ योगी

नि.निर्देशक

**नि. निर्देशक**

[illegible]

http://karnali.dicp.gov.np udyogkarnali@gmail.com 083-520134

उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय

**उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय**

वीरेन्द्रनगर, सुर्खेत, नेपाल

**उपयुक्त प्रविधि हस्तान्तरण सम्बन्धी प्रस्ताव आव्हानको सूचना**

**प्रथम पटक प्रकाशित मितिः-२०७९/०९/२२**

प्रस्तुत विषयमा चालु आ.व.०७९/०८०को स्वीकृत बजेट तथा कार्यक्रम अनुसार सुर्खेत जिल्लामा रहेका लघु, घरेलु तथा साना उद्योगहरुको विकास, विस्तार र प्रवर्द्धनका लागि आवश्यक कच्चा पदार्थ,मेशिन,ज्यावल तथा औजार,उपकरणहरु लागत सहभागीताका आधारमा बढीमा रु.२ लाख सम्मको अनुदान उपलब्ध गराउने कार्यक्रम रहेको हुँदा,इच्छुक उद्यमीहरुले यो सुचना प्रकाशन भएको मितिले १५ (पन्ध्र) दिनभित्र देहायका कागजातहरु संलग्न गरि प्रस्ताव पेश गर्नुहुन जानकारी गरिन्छ ।

क. कार्यक्रम/आयोजनाको नाम : उद्यमीहरुका लागि उपयुक्त प्रविधि हस्तान्तरण ।

ख. उद्देश्य : लघु, घरेलु तथा साना उद्योगहरुको विकास, विस्तार र प्रवर्द्धनका लागि आवश्यक कच्चा पदार्थ,मेशिन,ज्यावल तथा औजार,उपकरणहरु लागत सहभागितामा उपलब्ध गराउने ।

ग. कार्यक्रम/आयोजना संचालन हुने स्थान : सुर्खेत जिल्ला ।

संलग्न गर्नुपर्नेकागजात(पहिलो ७ वटा कागजात अनिवार्य पेश गर्नुपर्नेछ):

१. **अनुसूची-३ बमोजिको निवेदन,उद्योग तथा प्रस्ताव सम्वन्धि विस्तृत विवरण र उद्यमीको नेपाली नागरिकताको प्रतिलिपि ।**

२. **उद्योग दर्ता र नविकरणको प्रमाण पत्रको प्रतिलिपि ।**

३. **कर दर्ता प्रमाणपत्रको प्रतिलिपि, गत आ.व.को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपि र ५० लाख भन्दा बढी कुल पूँजी भएको उद्योगको हकमा लेखापरीक्षण प्रतिवेदन(म्याद समाप्त भएको भए म्याद थमौती पत्र समेत)**

४. **अनुदान उपलब्ध गराइदिने व्यहोराको स्थानीय तहको सिफारिस।**

५. **अन्य/विभिन्न क्षेत्रबाट अनुदान प्राप्त गरे/नगरेको सम्बन्धमा स्वःघोषणा पत्र ।**

६. **राजनैतिक तटस्ता सम्वन्धि स्वःघोषणापत्र ।**

७. **कुनै सरकारी /गैरसरकारी निकायमा प्रचलित कानून वमोजिम कालो सूची परे/नपरेको स्वःघोषणापत्र ।**

८. आवश्यक सामाग्रीसंग मेल खाने कम्तिमा कुनै १ (एक) कम्पनीको विस्तृत स्पेशिफिकेशन खुल्ने ब्रोसियर । ब्रोसियरमा अनुदानग्राहीको हस्ताक्षर र फर्मको छाप अनिवार्य रुपमा हुनुपर्ने ।

९. साविक घरेलु तथा साना उद्योग विकास समितिको कार्यालय, गरिवी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम लगायत अन्य सरकारी निकायबाट तालिम प्राप्त गरी उद्योग व्यवसाय संचालन गरेको भए प्रमाणपत्रको प्रतिलिपि ।

१०. दलित तथा अपाङ्गता भएका उद्यमीको हकमा प्रमाणित कागजातको प्रतिलिपि (कम्पनी, सहकारी तथा साझेदारी फर्मको हकमा लागू नहुने)।

११. तालिम प्राप्त जनशक्ति कार्यरत रहेको भए कामदारको तालिम सम्वन्धी कागजातको प्रतिलिपि ।

१२. ईजाजत /अनुमति /अनुज्ञापत्र लिनुपर्ने उद्योगको हकमा सो समेत संलग्न गर्नुपर्ने।र उक्त प्रमाण पत्र नवीकरण गरेको हुनुपर्नेछ।

१३. अन्य आवश्यक कागजात ।

नोट :

क. यस कार्यक्रम मार्फत, सञ्चालित उद्योगहरुले नँया वस्तु उत्पादन गर्ने गरी वा परिमार्जित वस्तु उत्पादन गर्ने गरी पेश हुने प्रस्तावलाई प्राथमिकता दिइनेछ । तर, साविकको उद्देश्यको आधारभूत सिद्धान्तसंग फरक नपर्ने वा उद्देश्य थप गर्न मिल्ने प्रकारको हुनुपर्नेछ ।

ख. यो कार्यक्रम मार्फत उपलब्ध गराइने अनुदान सहयोग लक्षित वर्गको हकमा लागतको ७०% हुनेछ भने सो बाहेक अन्यको हकमा लागतको ५०% हुनेछ। कम्पनी वा साझेदारी फर्मलाई लक्षित वर्ग भित्र गणना गरिनेछैन ।

ग. यो कार्यक्रम मार्फत उपलब्ध गराइने अनुदान सहयोगको सीमा अनुदानग्राहीको लागत सहभागिता बाहेक अधिकतम रु. २ (दुई) लाख सम्म हुनेछ ।

घ. अनुदानग्राहीको उद्योग दर्ता भै सञ्चालन अवस्थामा रहेको हुनुपर्नेछ । अनुदानग्राही प्रोप्राइटर फर्म भएमा प्रोप्राइटरलाई अनुदानग्राही मानिनेछ, साझेदार फर्मको हकमा सम्पूर्ण साझेदारलाई अनुदानग्राही मानि सबै साझेदारबाट हस्ताक्षरित कागजात पेश हुनुपर्नेछ भने कम्पनी फर्मको हकमा कम्पनीको निर्णयानुसार अख्तियारवाला तोकी निजबाट कागजात पेश भएको हुनुपर्नेछ ।

ङ. अनुदानग्राहीले, सूचनामा तोके बमोजिमका कागजात सहित आवेदन उद्योग तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, सुर्खेतमा तोकिएको मिति तथा समय भित्र पेश गर्नुपर्नेछ । अनुदानग्राहीले पेश गर्ने प्रत्येक कागजातको पछाडी स्वंय प्रमाणित गरेको हुनुपर्नेछ ।अनुदानग्राहीले प्रस्ताव एंव संलग्न कागजात सिलबन्दी गरि पेश गर्नुपर्नेछ ।

च. प्रस्ताव पेश गर्ने अन्तिम दिन सार्वजनिक बिदा पर्न गएमा सोको भोलिपल्ट वा कार्यालय खुलेको दिन कार्यालय समयभित्र प्रस्ताव दर्ता गराउन सकिनेछ ।

पुनश्चः थप जानकारीको लागि कार्यालय समय भित्र ०८३-५२०१३४, ९८६८०४२५४१मा सम्पर्क गर्नु होला ।

निर्देशक

प्रि. निर्देशक